बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

बैठक संख्याः ६९

आज मिति २०८२ साल असोज २९ गते बुधबार दिनको २:०० बजे देहायका विषयहरूमा छलफल गर्न नगर प्रमुख श्री शान्ति रत्न शाक्यज्यूको अध्यक्षतामा निम्नानुसारका सदस्यहरूको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरू गरेको छ।

-:: उपस्थिति ::-

| क.सं. | पद | नाम,थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्ति रत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा दाहाल | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री राम प्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्याम सुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | का.वा.सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्र बहादुर खड्का | उपस्थित |
| १३ | का.वा.सदस्य (वडा नं. ११) | श्री प्रताप कुमार तामाङ | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री राम बहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री राम लाल दुवाल | उपस्थित |
| १६ | का.वा.सदस्य (वडा नं. १४) | श्री कृष्ण प्रधान | उपस्थित |
| १७ | सदस्य | श्री सुभद्रा बजगाईं | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २० | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २१ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २२ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २३ | सदस्य | श्री रवीन्द्र सुनार | उपस्थित |
| २४ | सचिव (प्र.प्र.अ.) | श्री पोषण लामिछाने | उपस्थित |
| २५ | प्रशासकीय अधिकृत | श्री उज्जवल खतिवडा | उपस्थित |

प्रमुख प्रशासकीय अधिकृत

उपप्रमुख

प्रमुख

बैठक संख्या: ६९

आज मिति २०८२ साल असोज २९ गते बुधबार दिनको २:०० बजे देहायका विषयहरूमा छलफल गर्न नगर प्रमुख श्री शान्ति रत्न शाक्यज्यूको अध्यक्षतामा निम्नानुसारका सदस्यहरूको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरू गरेको छ।

-:: उपस्थिति ::-

| क.सं. | पद | नाम,थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्ति रत्न शाक्य | |
| २ | उप प्रमुख | श्री विमला सापकोटा दाहाल | |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | |
| ४ | सदस्य (वडा नं. २) | श्री राम प्रसाद घिमिरे | |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्याम सुन्दर श्रेष्ठ | |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | |
| ११ | का.वा.सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्र बहादुर खड्का | |
| १३ | का.वा.सदस्य (वडा नं. ११) | श्री प्रताप कुमार तामाङ | |
| १४ | सदस्य (वडा नं. १२) | श्री राम बहादुर कुँवर | |
| १५ | सदस्य (वडा नं. १३) | श्री राम लाल दुवाल | |
| १६ | का.वा.सदस्य (वडा नं. १४) | श्री कृष्ण प्रधान | |
| १७ | सदस्य | श्री सुभद्रा बजगाईं | |
| १८ | सदस्य | श्री समिता थापा | |
| १९ | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | |
| २० | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | |
| २१ | सदस्य | श्री बिक्रम भुजेल | |
| २२ | सदस्य | श्री कमला परियार | |
| २३ | सदस्य | श्री रवीन्द्र सुनार | |
| २४ | सचिव (प्र.प्र.अ.) | श्री पोषण लामिछाने | |
| २५ | प्रशासकीय अधिकृत | श्री उज्जवल खतिवडा | |

-::छलफलका विषयहरू::-

१) जेन-जी आन्दोलनका क्रममा भएको क्षतिका सम्बन्धमा।
२) आर्थिक वर्ष २०८२/०८३ का लागि तर्जुमा गरिएको बजेट तथा कार्यक्रम अद्यावधिक/संशोधन सम्बन्धमा।
३) विविध।

-::निर्णयहरू::-

निर्णय नं. १

साविकमा संचालनमा रहेको बनेपा नगरपालिकाको कार्यालय मिति २०८२ भदौ २३ र २४ गतेको जेन-जी आन्दोनका क्रममा आगजनी भई पूर्ण रूपमा क्षति भएको अवस्थामा नियमित, आकस्मिक तथा विकासात्मक सेवा प्रवाह गर्न बनेपा नगरपालिका १० नं. वडा कार्यालयले आफ्नो प्रशासनिक भवन उपलब्ध गराई सहयोग पुऱ्याएकोमा धन्यवाद ज्ञापन गर्ने।

निर्णय नं. २

क) बनेपा नगरपालिका नगरस्तरीय विपद व्यवस्थापन समितिको मिति २०८२ असोज १० गते शुक्रबार बसेको बैठकले गरेको निर्णय बमोजिम मिति २०८२ भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनको क्रममा बनेपा नगर कार्यपालिकाको कार्यालय आगजनीका कारण पूर्ण रूपमा क्षति हुँदा जम्मा रकम रू. ८,२२,४९,५३१.२६/- (आठ करोड बाइस लाख उनन्पचास हजार पाँच सय एकतीस रूपैयाँ छब्बिस पैसा) बराबरको क्षति भएको खर्च भएर नजाने सामान (सम्पत्ति) PAMS प्रणालीमा मिनाह गर्ने, जम्मा रकम रू. १४,६०,००१.५७/- (चौध लाख साठी हजार एक रूपैयाँ सन्ताउन्न पैसा) बराबरको खर्च भएर जाने जिन्सी सामानहरू नष्ट भएकोले PAMS प्रणालीमा मिनाह गर्ने साथै भण्डारण कक्षमा भण्डारण गरिएका विपद/प्रकोप व्यवस्थापन सम्बन्धी सामानहरू र **शहरी तथा वातावरणीय सुधार परियोजना कार्यक्रम** संचालनका क्रममा बाँकी रहेका मौज्दात सामाग्रीहरू समेत जलेर नष्ट भएकोले उल्लिखित जिन्सी सामानहरू समेत PAMS प्रणालीमा मिनाह गर्ने।

ख) भदौ २३ र २४ गतेको आन्दोलनको क्रममा नगरपालिका भवन पूर्ण रूपमा जलेर क्षति भएको हुँदा तत्काल सेवा प्रवाहको प्रवन्ध मिलाउन १० नं. वडा कार्यालय भवन र स्वास्थ्य केन्द्रमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ मा भएको व्यवस्था बमोजिम तथा सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद-१५, दफा १४५ को विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम देहाय बमोजिम सेवाहरू खरिद गर्ने।

<u>तपसिल</u>:

अ) हाल संचालनमा ल्याइएको नगरपालिका भवनको तेस्रो तल्लामा ट्रष्ट निर्माण सेवा खरिद।
आ) हाल संचालनमा ल्याइएको नगरपालिका भवनको पहिलो, दोस्रो र तेस्रो तल्लामा आवश्यकता अनुसार एल्युमिनियम पार्टेशन तथा सटर निर्माण सेवा खरिद।
इ) हालको नगरपालिका प्रवेश गर्ने पुण्यमाता खोलाको जीर्ण पुल पुनःनिर्माण सेवा खरिद।
ई) १० नं. वडा कार्यालयका लागि सभाहल मर्मत निर्माण सेवा खरिद।

प्रमुख प्रशासकीय अधिकृत   उपप्रमुख   प्रमुख

उ) हाल संचालनमा ल्याइएको नगरपालिका कार्यालय संचालनका लागि कम्प्युटर, फर्निचर लगायत अत्यावश्यक पर्ने सामाग्रीहरुको सेवा खरिद।

निर्णय नं. ३

आर्थिक वर्ष २०८२/०८३ का लागि नगरसभाबाट स्वीकृत सबै वडास्तरीय, वडाबाट सिफारिस भएका नगरस्तरीय, अन्य नगरस्तरीय र मागमा आधारित योजनाहरूमा कूल विनियोजित रकमको २० प्रतिशत रकम घटाई कार्य प्रक्रिया अघि बढाउने साथै वडास्तरीय र वडाबाट सिफारिस भएका नगरस्तरीय योजनाहरूमा २० प्रतिशत रकम घटाई सम्बन्धित वडा समितिले योजना संशोधन गर्न सक्ने र सो व्यहोरा आगामी नगरसभाबाट अनुमोदन गर्ने।

निर्णय नं. ४

अर्थ मन्त्रालयको परिपत्र बमोजिम बनेपा नगरपालिकामा आर्थिक वर्ष २०८२/०८३ मा संघीय सशर्तका रू.१० लाखभन्दामाथिका आयोजनाहरू ठेक्का प्रक्रिया मार्फत संचालन गर्ने।

निर्णय नं. ५

बनेपा नगरपालिका अन्तर्गत संचालित बनेपा आधारभूत नगर अस्पतालमा रात्रिकालीन ड्युटीमा खटिने डाक्टरहरूलाई प्रोत्साहन स्वरूप प्रतिरात खटिने प्रति डाक्टरलाई रू. १०००/- (एक हजार) का दरले भत्ता रकम उपलब्ध गराउने।

निर्णय नं. ६

बनेपा नगरपालिका राजस्व परामर्श समितिको मिति २०८२/०६/२३ को निर्णयबाट सिफारिस भए बमोजिम बनेपा नगरपालिका क्षेत्रभित्र उत्पादन हुने तथा ढुवानी हुने जडिबुटी, कवाडी तथा जीवजन्तुको कर उठाउने प्रयोजनका लागि आर्थिक वर्ष २०८२/८३ र २०८३/८४ मा प्रतिवर्ष न्यूनतम कबोल अंक रू. ६०,००,०००।- (साठी लाख मूल्य अभिबृद्धि कर बाहेक) कायम हुनेगरी ठेक्का प्रक्रिया अघि बढाउने।

निर्णय नं. ७

बनेपा नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरूको सेवा प्रवाहमा सार्वजनिक बिदाको दिन, शनिबार र कार्यालय समयको अतिरिक्त समयमा समेत कामकाजमा खटिने देहाय बमोजिम पदका कर्मचारीहरूलाई देहाय बमोजिम थप पारिश्रमिक उपलब्ध गराउने।

तपसिल:

| क्र.सं. | पद | पारिश्रमिक | कैफियत |
|---|---|---|---|
| १ | हलुका सवारी चालक (प्रमुखज्यूको सवारी चालक) | खाइपाई आएको आधारभूत मासिक डेढ महिना बराबरको पारिश्रमिक। | |
| २ | हलुका सवारी चालक (उपप्रमुखज्यूको सवारी चालक) | खाइपाई आएको आधारभूत मासिक डेढ महिना बराबरको पारिश्रमिक। | |

प्रमुख प्रशासकीय अधिकृत    उपप्रमुख    प्रमुख

| | | | |
|---|---|---|---|
| ३ | हलुका सवारी चालक (प्र.प्र.अ.को सवारी चालक) | खाइपाई आएको आधारभूत मासिक डेढ महिना बराबरको पारिश्रमिक। | |
| ४ | सवारी चालक (फोहोर संकलन र अग्नि नियन्त्रण) | खाइपाई आएको आधारभूत मासिक डेढ महिना बराबरको पारिश्रमिक। | |
| ५ | सरसफाइकर्मीहरू (स्थायी सेवा) | खाइपाई आएको आधारभूत मासिक डेढ महिना बराबरको पारिश्रमिक। | |
| ६ | सरसफाइकर्मीहरू (करार सेवा) | खाइपाई आएको आधारभूत मासिक एक महिना बराबरको पारिश्रमिक। | |

**निर्णय नं. ८**

बनेपा नगरपालिका र अन्तर्गतका कार्यालयमा सेवा करारमा कार्यरत देहाय बमोजिम कर्मचारीहरूको मिति २०८२ कार्तिक १ गतेदेखि लागू हुनेगरी बढिमा तीन महिना म्याद थप गर्ने।

तपसिलः

| क्र.सं. | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | शेषकाजी रंजित | नगर प्रहरी जवान | नगरपालिका |
| २ | नवीना श्रेष्ठ | कार्यालय सहयोगी | आ.स्वा.के. १० |

प्रमुख प्रशासकीय अधिकृत

उपप्रमुख

प्रमुख